"Cooperative to Achieve Sustainable Development Goals"

# 2nd Cooperative Congress
## दोश्रो सहकारी महासम्मेलन

4-5 April, 2018 (२०७४ चैत्र २१-२२), Kathmandu

# काठमाडौं घोषणा-पत्र, २०७४

राष्ट्रिय सहकारी महासंघ नेपाल र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको संयुक्त आयोजनामा २०७४ चैत्र २१ देखि २२ गतेसम्म काठमाडौंमा सहकारी संघ/संस्था तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सरोकारवाला निकायका प्रतिनिधिहरूको उत्साहवर्द्धक सहभागितामा सम्पन्न दोश्रो सहकारी महासम्मेलनद्वारा यस क्षेत्रको दीगोपना र व्यवसायीकरणका लागि प्रतिवद्ध हुँदै यो काठमाडौं घोषणा–पत्र, २०७४ जारी गर्दछौं ।

१. दीगो विकास लक्ष्य हासिल गर्न रणनीतिक योजनाका साथ सहकारी संघ/संस्थाको भूमिकालाई सवल र सक्षम वनाउदै सन् २०३० सम्ममा यस क्षेत्रको योगदानलाई दोव्वर वृद्धि गर्ने ।

२. सवैधानिक व्यवस्था अनुरूप संघ, प्रदेश र स्थानीय सरकारसँग समन्वय र सहकार्य गर्दै सहकारी मैत्री नीति, ऐन, नियम निर्माणमा निर्णायक भूमिका निर्वाह गर्ने ।

३. सहकारीको मूल्य र सिद्धान्त अनुरूप सहकारी संघ/संस्थाहरूको सञ्चालनमा प्रतिवद्ध रहँदै स्वनियमन प्रणालीमार्फत सहकारी संस्कृतिको विकास गर्ने ।

४. गरिब, पिछडिएको वर्ग एवं वित्तीय क्षेत्रमा पहूँच नपुगेका समुदाय तथा युवा र महिलाहरूको सीप, क्षमता अभिवृद्धि गरी समावेशी आर्थिक वृद्धि र सामाजिक रूपान्तरण गर्ने ।

५. राज्यद्वारा प्रदत्त छुट, सुविधा तथा सहुलियतहरूको निर्वाध उपयोग गर्नुका साथै नविन प्रविधि र उद्यमशिलताको माध्यमबाट स्वरोजगार सिर्जना गरी गरिवी न्यूनीकरण गर्ने ।

६. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सहकारी सहकारीवीचको व्यवसायिक सम्वन्ध अभिवृद्धि गरी उत्पादन, प्रशोधन र बजारीकरणमार्फत कृषि तथा अन्य क्षेत्रको व्यवसायीकरण गर्ने ।

७. दक्ष जनशक्ति निर्माणको लागि सहकारी शिक्षा, तालिम र सूचना प्रणालीलाई प्रभावकारी रूपमा विस्तार गरी सहकारी संघ/संस्थाहरूको व्यवसायिक क्षमता अभिवृद्धि गर्ने ।

८ स्वास्थ्य, आवास, पर्यटन, शिक्षा, बिद्युत, उर्जा, वीमा लगायतका राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा सहकारीको सहभागितालाई बृद्धि गर्दै समृद्ध अर्थतन्त्र निर्माणमा सहयोग पुर्‍याउने ।

९. सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारीमा उद्योग तथा सेवा व्यवसायमा सहकारी क्षेत्रको पूँजीलाई परिचालन गरी आत्मनिर्भर र दिगो अर्थतन्त्रको विकास गर्ने ।

१०. सहकारी संघ/संस्थाको एकीकरणमा जोड दिदैं प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि तथा गुणात्मक विकास गरी सुदृढ सहकारी अभियानको निर्माण गर्ने ।